# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०७।२० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको ।

सशस्त्र प्रहरी बल बि.ओ.पी. भजनी कैलालीका घुमुवा सशस्त्र प्रहरी सहायक हवल्दार ज्ञान बहादुर चौधरी र सशस्त्र प्रहरी जवान रतिराम चौधरीले भारतको स्थानीय बजारबाट मालसामान क्यारिङ गरी ल्याउने क्रममा भन्सार शुल्क तिरिसके पश्चात पनि सेवाग्राहीसँग भन्सार शुल्क बाहेक रू.२०,०००।–(बीस हजार मात्र) घुस/रिसवत वापतको रकम लिइसकेको अवस्थामा रकमसहित रङ्गेहात नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा सशस्त्र प्रहरी बल बि.ओ.पी. भजनी कैलालीमा कार्यरत रहेका सशस्त्र प्रहरी सहायक हवल्दार ज्ञानबहादुर चौधरी र सशस्त्र प्रहरी जवान रतिराम चौधरीले सशस्त्र प्रहरी बल बि.ओ.पी. भजनी कैलालीका तत्कालीन कार्यालय प्रमुख सशस्त्र प्रहरी निरीक्षक रबिन्द्र कार्कीको आदेश र निर्देशानुसार सेवाग्राहीसँग भारतबाट हुने मालसामानको ओसारपोसारको काम सहज गरिदिने भनी रकमको बार्गेनिङ गरी आफ्नो जिम्मेवारी र पदीय दायित्वसमेतको ख्याल नगरी बदनियतपूर्वक सेवाग्राहीलाई घुस दिन बाध्य पारी सो वापत सशस्त्र प्रहरी निरीक्षक रबिन्द्र कार्कीसमेतको लागि घुस/रिसवत रु.२०,०००।—(बीस हजार) लिई साथै सशस्त्र प्रहरी निरीक्षक रबिन्द्र कार्कीले आफ्नो लागि द्वय ज्ञानबहादुर चौधरी र रतिराम चौधरीलाई उक्त रकम लिन मञ्जुर गरेकोसमेत पुष्टि हुन आएकोले निजहरु सशस्त्र प्रहरी निरीक्षक रबिन्द्र कार्की, सशस्त्र सहायक हवल्दार ज्ञान बहादुर चौधरी, सशस्त्र प्रहरी जवान रतिराम चौधरीले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर अपराध भएको देखिंदा बिगो रु.२०,०००।— (बीस हजार) कायम गरी आरोपीहरु रबिन्द्र कार्की, ज्ञानबहादुर चौधरी, रतिराम चौधरी तीनै जनालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) बमोजिम सजायको मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला